गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्ड:- ०३    संख्या:- ११    मिति:- २०७७/११/१६

भाग - २

## आपतकालिन बालउद्धार कोष (सञ्चालन ) कार्यविधि, २०७७

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले मिति २०७७/११/१६ गतेको निर्णयअनुसार यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम“आपतकालिन बालउद्धार कोष (सञ्चालन) कार्यविधि २०७७ ” रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) “कोष ” भन्नाले नियम ३ बमोजिमको आपतकालिन बालउद्धार कोष सम्झनु पर्छ ।

ख) “आपतकालिन अवस्थामा रहेका बालबालिका”भन्नाले देहायका अवस्थामा रहेका बालबालिका बुझ्नु पर्दछ :

१) डर त्रास वा करकापमा बालविवाहमा परी जोखिमपूर्ण अवस्थामा रहेका,

२) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

३) ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको

४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएका,

५) दूर्घटना भएको, प्रकोपमा परेका,

६) बावु आमा वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे भएका ,

७) यौनशोषण, यौन दूर्व्यवहार, बेचविखन वा ओसारपसार परेका,

८) घरपरिवार वा कार्य स्थलको मालिकको हिंसाबाट प्रभावित भएका

९) बाबुआमा वा संरक्षकबाट वञ्चित भएका

१०) अपाङ्गता भएका,

११) अपहरण वा शरिर बन्धकमा परेका,

१२) सडक बालबालिका ,

१३) एच.आई.भि. एड्सबाट संक्रमित भएका,

१४) लागुपदार्थ दुर्व्यसनीमा परेका,

१५) बाबु आमा तथा संरक्षक कोही नभएका,

ग) गाउँपालिका भन्नाले गोसाईकुण्ड गाउँपालिका बुझ्नु पर्दछ ।

घ) समिति भन्नाले दफा (७) बमोजिमको कोष सञ्चालक समिति बुझ्नु पर्दछ ।

**३. कोषको स्थापना :**

१) आपतकाल तथा जोखिममा परेका बालबालिकालाई तत्काल उद्धार, राहत र पुनःस्थापना गर्ने प्रयोजनमा आपतकालिन बाल उद्धार कोष नामको एक कोष स्थापना हुनेछ ।

२) कोषमा देहाय बमोजिमको रकम रहनेछ :

क) गाउँपालिकाबाट प्रत्येक वर्ष कोष सञ्चालन तथा व्यवस्थापनमा विनियोजित रकम,

ख) प्रदेश सरकारबाट बाल उध्दार र संरक्षणमा तोकेर दिएको रकम

ग) नेपाल सरकार तथा मातहतका कुनै निकायबाट यस विषयमा तोकेको प्राप्त रकम ,

घ) बैदेशिक सरकार, संघ, संस्था वा व्यक्तिबाट तोकेर दिएको प्राप्त रकम,

ङ) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट कोषको सहयोग स्वरुप प्राप्त रकम,

च) चन्दा दान वा अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

छ) प्रत्येक वर्ष गाउँपालिकाले निर्णय गरी तोकेको अन्य रकम ।

**४. कोषमा रकम जम्मा गर्ने** :

(१) यस कोषका नाउँमा स्थानीय वित्तीय संस्थामा खाता **खोली** सञ्चालन गर्नु पर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्षमा आपतकालिन बालउध्दार गर्ने प्रयोजनका लागि खास रकम गाउँसभा**बाट** विनियोजन गरी कोषमा जम्मा गर्नु पर्नेछ ।

(३)कोषको सञ्चालन गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

**५. कोषको उपयोग :**

कोषको उपयोग देहायको कामको लागि गरिनेछ :

क) दफा (२) बमोजिम आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

ख) आपतकालिन अवस्थामा रहेका बालबालिकाहरुलाई राहत दिन तथा पुनर्स्थापना गर्न ,

ग) जोखिममा परेका बालबालिकाको संरक्षण, उद्धार तथा पुनर्स्थापना गर्न,

घ) समितिबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्न,

ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न ,

च) बालबालिकाको हकहितमा समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

**६.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम दफा (५) मा लेखिएको बाहेक अन्य काममा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको कुल खर्चको पाँच प्रतिशत सम्मको रकम समितिको बैठक सञ्चालनमा खर्चको लागि उपयोग गर्न सक्नेछ ।

**७. कोष सञ्चालन तथा व्यवस्थापन समिति**

(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

२) उपदफा (१) वमोजिम समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकाको अध्यक्ष | अध्यक्ष |
| ख) गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) गाउँपालिका सामाजिक विकास समिति संयोजक | सदस्य |

ङ) बालबालिका हितको क्षेत्रमा काम गर्ने गाउँपालिकास्थित गैर

सरकारी संस्थाहरुमध्ये समितिले मनोनित गरेको एक जना सदस्य

च) गाउँपालिका क्षेत्रको बालसञ्जाल अध्यक्ष सदस्य

छ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख सदस्य सचिव

३) समितिले बालउध्दार वा पुनर्स्थापना गर्नुपर्ने वडाका वडाध्यक्षलाई बैठकमा आमन्त्रण गर्नेछ ।

४) समितिको बैठक सामान्यतया ३ महिनामा एक पटक बस्नेछ र बैठक सम्बन्धी कार्यविधि समिति आफैले तय गर्नेछ ।

५) उपदफा ३ बमोजिमको खातामा रहेको रकम उपदफा २) को समितिको बैठकको निर्णय अनुसार खर्च हुनेछ ।

**८. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

१) गाउँपालिका क्षेत्रका जन्मेदेखि १८ वर्षसम्मका सबै बालबालिकाहरुको तथ्याङ्क संकलन र अध्याबधिक गर्ने, गराउने ।

२) आपत विपतमा परेका बालबालिकाहरुको निवेदन लिने, छानविन गर्ने र बैठकमा निर्णय गरी कार्यान्वयन गराउने,

३) बालउध्दार, राहत र पुनर्स्थापना आवश्यक परेका बालबालिकाहरु यकिन गर्ने,

४) राष्ट्रिय स्तरमा रहेका बालबालिका पुनर्स्थापना तथा हितमा संलग्न संस्थाहरुसँग समन्वय गर्ने

५) बालविवाह तथा बाल हिंसा विरुध्दका कार्यक्रमका लागि कार्यक्रम र बजेट तयार गरी कार्यपालिकामा पेश गर्ने

६) बाल अधिकार र संरक्षणका विषयमा अन्तरक्रिया, बहस, पैरवी गर्ने,

७) नियमित बैठकमा कार्यक्रमको समीक्षा गरी प्रबर्ध्दन गर्न निर्णय गर्ने

९. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेः** (१) यस नियमावली बमोजिम पीडतलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा समितिको निर्णयानुसार रकम उपलब्ध गराइनेछ।

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च र होटल लजमा बास बस्नुपर्ने भए सो समेत एक पटकका लागि बढीमा तीन हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ, अस्पतालमा बस्न व्यवस्था नभई बाहिर बस्न

परेमा बढीमा सात दिनको बास खर्च वापत प्रतिदिन एक हजार रुपैयाँ समेत जुनसुकै रोग भए पनि एक पटकका लागि बढीमा वीस हजार रुपैयाँ,

(ग) कानूनी सहायता, विज्ञबाट मनोवैज्ञानिक उपचार वा मनोविमर्श सेवा प्रदान गर्न लाग्ने रकम एक पटकका लागि बढीमा वीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाका लागि एक पटक मात्र बढीमा दश हजार रुपैयाँ,

(च) संचालक समितिले तोके बमोजिमका अन्य कामका लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँसम्म ।

(२) उपदफा (१) बमोजिमको सुविधाको भुक्तानी प्राप्त गर्न पिडित वा निजको संरक्षकले निवेदनसाथ खर्चका विल भरपाई, अस्पताल वा सेवा केन्द्रको कागजात, नागरिकता वा जन्मदर्ताको प्रमाणित प्रतिलिपि र सम्बन्धित वडाको सिफारिस पेश गर्नु अनिवार्य छ ।

(३) उपदफा (१) बमोजिमको सेवा सुबिधा यस गाउँपालिका क्षेत्रभित्र वसोवास गर्ने व्यक्तिलाई एक व्यक्ति एक सुबिधा स्वरुप वार्षिक एक पटक मात्र उपलब्ध हुनेछ ।

**१०. कोषको लेखा परीक्षण :**

(१) कोषको आयव्ययको लेखा प्रणाली **महालेखा परीक्षकबाट गरिने छ ।**

**११. रकम फ्रिज नहुने :**

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाकीँ रहेमा त्यस्तो रकम **अर्को आ.व.को जिम्वेवारी सर्नेछ ।**

**१२. अभिलेख राख्ने तथा प्रतिवेदन पेश गर्ने :**

कामको अभिलेख दुरुस्त रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले राख्ने र प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

**१३) संशोधन र परिमार्जन :**

१) यस कार्यविधिका कुनै दफा विद्यमान अन्य ऐन नियम र कार्यविधिसँग बाझिएमा उक्त दफा स्वतः निस्क्रिय हुनेछ ।

२) यस कार्यविधिका कुनै दफा तथा उपदफा परिमार्जन वा संशोधन गर्न आवश्यक भएमा गाउँ कार्यपालिका बैठकको निर्णय अनुसार हुनेछ ।

**आज्ञाले**
देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत